# श्रमदिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि

प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत मिति

२०७६/७/१८

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था भएको श्रम अभियानलाई सबै सरोकारवालाहरुको सहयोग, समन्वय र सहकार्यबाट व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक तरिकाले सञ्चालन तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "श्रम दिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनु पर्छ।

(ख) "स्थानीय तह" भन्नाले सम्बन्धित क्षेत्रको गाउँपालिका वा नगर पालिका वा जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ ।

(ग) "पेशाकर्मी" भन्नाले सरकारी तथा गैरसरकारी क्षेत्रका विभिन्न पेशामा संलग्न व्यक्तिलाई सम्झनु पदर्छ।

(घ) "सामाजिक अभियन्ता" भन्नाले समाज र मुलुकको विकास र सम्वृद्धिका लागि निस्वार्थ र कुनै लाभको आशा नगरि स्वतस्फूर्त रुपमा सहभागी हुने नागरिकहरुको अनौपचारिक समूह सम्झनुपर्दछ ।

(ङ) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित र सहभागितामूलक टोलविकास संस्था, उपभोक्ता समूह, गैरसरकारी संस्था वा यस्तै प्रकृतिका अन्य संस्थाहरुलाई समेत सम्झनु पर्दछ ।

(च) "अभियान" भन्नाले प्रदेश सरकारले दफा ५ बमोजिमको क्षेत्रमा सञ्चालन गर्ने क्रियाकलापलाई सम्झनु पदर्छ ।

## परिच्छेद-२

## अभियान सञ्चालनको क्षेत्र तथा विधि

३.**अभियानको क्षेत्रः** (१) देहायबमोजिमका क्षेत्रहरुमा अभियान सञ्चालन गरिनेछः

(क) स्वास्थ्य

(ख) शिक्षा

(ग) कृषि

(घ) सरसफाई

(ङ) सार्वजनिक स्थलको मर्मत सम्भार

(च) पर्यावरण सुधार, वातावरण संरक्षण र वृक्षारोपण

(छ) निर्देशक समितिले आवश्यक देखेका अन्य क्षेत्र ।

**(२)** उपदफा (१) बमोजिम अभियानको क्षेत्र अन्तर्गत देहायका क्रियाकलाप निशुल्क रुपमा सञ्चालन गरिनेछः

(क) रक्तदान, सामान्य स्वास्थ्य परीक्षण, औषधी वितरण, जनचेतनामूलक कार्यक्रमहरु

(ख) विद्यालय र समुदायमा श्रमको सम्मान तथा श्रम गर्ने बानीको विकास सम्बन्धी अन्तरक्रिया

(ग) कृषि बिउ बिजन बितरण, माटो परीक्षण, रोगको पहिचान र उपचार तथा पशु पक्षीको स्वास्थ्य परीक्षण, उपचार तथा यी विषयमा सल्लाह, सुझाव र परामर्श

(घ) नदी, खोला, नाला, ताल-तलैया, सार्वजनिक पोखरी, सार्वजनिक धारा, पँधेरा, इनार र पानीका स्रोत; मठ, मन्दिर, चैत्य, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक सम्पदा; सांस्कृतिक केन्द्र, नाट्यशाला, लिपी तथा संग्राहलय जस्ता सांस्कृतिक सम्पदा; पुरातात्विक महत्वका धरोहर तथा केन्द्र; ऐतिहासिक स्थल तथा अन्य प्राकृतिक सम्पदा वरिपरिको क्षेत्र; विश्व सम्पदा सूचीमा सूचीकृत धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक एवं अन्य धरोहर; सडक, चोक, पार्क, उद्यान, चउर, सार्वजनिक शौचालय र खुल्ला क्षेत्र तथा अन्य सार्वजनिक क्षेत्र आदिको सरसफाई र मर्मत सम्भार तथा बृक्षारोपण।

(ङ) अभियान सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक देखेका अन्य क्रियाकलापहरु

(३) स्थानीय तहले उपदफा (२) बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्दा अभियान सञ्चालनको स्थान, समय र क्रियाकलाप सहितको वार्षिक कार्य योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ र त्यस्तो कार्य योजना अभियान सञ्चालन तथा व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

(४) प्रदेशले उपदफा (२) बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्दा अभियान सञ्चालन सम्बन्धी स्थान, समय र क्रियाकलाप सहितको वार्षिक प्रदेश सरकारको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ। यस्तो कार्य योजना अभियान सञ्चालन तथा व्यवस्थापन समितिले तयार गर्नु पर्नेछ।

(५) अभियान सञ्चालन तथा व्यवस्थापन समितिले उपदफा (३) र (४) बमोजिमका वार्षिक कार्य योजनाको आधारमा एकिकृत वार्षिक कार्य योजना तयार गरी सोको जानकारी निर्देशक समितिलाई गराउनु पर्नेछ।

(६) प्रदेश सरकारले उपदफा (३) बमोजिम स्थानीय तहबाट सञ्चालन हुने अभियानलाई थप प्रभावकारी बनाउन आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नेछ।

(७) यस कार्यविधिबमोजिमको अभियान सञ्चालन गर्ने स्थान र समय उपदफा (३) र (४) बमोजिमका कार्य योजना बमोजिम हुनेछ।

(८) अन्य सरोकारवालाहरु यस कार्यविधिबमोजिम स्थानीय तहबाट सञ्चालन हुने अभियान भए सम्बन्धित स्थानीय तहसंग र प्रदेशबाट सञ्चालन हुने अभियान भए अभियान सञ्चालन तथा व्यवस्थापन समितिसँग समन्वय गरी अभियानमा सहभागी हुन सक्नेछन।

## परिच्छेद-३
## सरोकारवालाको भूमिका

४.**सरोकारवाला:** प्रदेश सरकार र स्थानीय तहका सरकारी कार्यालयहरु, सुरक्षा निकाय, शैक्षिक संस्था, सरकारी तथा अर्ध सरकारी संस्था, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, गैर सरकारी संस्था, टोल विकास संस्था एवम् आमा समूह जस्ता सामुदायिक संस्था, व्यवसायिक संस्था, आम सञ्चार, नागरिक अगुवा, सामाजिक अभियन्ता तथा सर्वसाधारण समेत अभियानका सरोकारवाला हुनेछन।

५.**सरोकारवालाको भूमिका:** (१) दफा ४ बमोजिमका सरोकारवालाले प्रदेश सरकार तथा स्थानीय तहले सञ्चालन गर्ने अभियानमा सक्रिय रुपमा सहभागी भइ अभियानलाई सहयोग गर्नु पर्नेछ।

(२) अभियान सञ्चालन गरी सफल गराउनु सबै सरोकारवालाहरुको सामूहिक जिम्मेवारी हुनेछ।अभियानको नेतृत्व अभियान सञ्चालन तथा व्यवस्थापन समिति र स्थानीय अभियान सञ्चालन तथा व्यवस्थापन समितिले गर्नुपर्नेछ।

(३) प्रदेश मन्त्रालयहरूले अभियान सञ्चालनमा कार्यालयलाई प्रत्यक्ष सहयोग र सहकार्य गर्नु पर्नेछ। साथै सम्बन्धित मन्त्रालयहरुले मातहतका निकायहरुलाई समेत परिचालन गर्नु पर्नेछ।

(४) स्थानीय तहले अभियानमा प्रदेश सरकारसंग सहकार्य, साझेदारी, समन्वय र आवश्यक सहयोग गर्नु पर्नेछ।

(५) अभियानमा संलग्न हुने अन्य सरोकारवालाहरुले अभियान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्दा प्रदेश सरकार र स्थानीय तहसँग समन्वय,सहकार्य र सहयोग गर्नु पर्नेछ।

## परिच्छेद-४
## संस्थागत प्रवन्ध एवं काम, कर्तव्य र अधिकार

६.**निर्देशक समिति:** (१) श्रमदिन कार्यक्रमलाई प्रभावकारी रूमपा आवश्यक नेतृत्व, समन्वय तथा सहजीकरण गरी श्रमदिन अभियानलाई दीगो र संस्थागत रूपमा सञ्चालन गर्न गर्नका लागि देहायक बमोजिमको एक निर्देशक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| मुख्यमन्त्री, प्रदेश सरकार | -संयोजक |
| मन्त्री, सबै, प्रदेश सरकार | -सदस्य |
| प्रमुख,जिल्ला समन्वय समिति सुर्खेत | -सदस्य |
| प्रमुख सचिव,कर्णाली प्रदेश सरकार | -सदस्य |
| नगर प्रमुख,वीरेन्द्रनगर नगरपालिका | -सदस्य |
| प्रमुख,नेपाली सेना,उत्तरपश्चिम पृतना | -सदस्य |
| प्रमुख, प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| प्रमुख,प्रदेश सशस्त्र प्रहरी कार्यालय | -सदस्य |
| प्रमुख,राष्ट्रिय अनुसन्धान प्रदेश कार्याल, | -सदस्य |
| सभापति, रेडक्रस सोसाईटी, सुर्खेत | -सदस्य |
| अध्यक्ष, उद्योग बाणिज्य संघ | -सदस्य |
| अध्यक्ष, गै.स.स. महासंघ | -सदस्य |

अध्यक्ष, पत्रकार महासंघ प्रदेश -सदस्य
अध्यक्ष, पत्रकार महासंघ सुर्खेत जिल्ला -सदस्य
अध्यक्ष, सवै, पेशाकर्मीहरू संगठन -सदस्य
सरसफाई क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रमुख-१ जना -सदस्य
वातावरण संरक्षण तथा सरसफाईको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने समितिले तोकेको महिला सहित कुनै २ जना सामाजिक अभियन्ता -सदस्य
सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(२) समितिले आवश्यक ठहऱ्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ।

(३) निर्देशक समितिको मुख्य कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) अभियान सञ्चालनको सम्बन्धमा नीतिगत निर्देशन दिने।
(ख) अभियानका सरोकारवाला निकायहरू संग समन्वय तथा सहकार्य स्थापित गर्ने।
(ग) श्रमदिन अभियान सञ्चालन गर्दा अन्तर निकाय समन्वय गर्ने,
(घ) श्रमदिन कार्यक्रमको अनुगमन र समिक्षा गर्ने,

(४) निर्देशक समितिको बैठक : निर्देशक समितिको बैठक संयोजकको निर्देशन बमोजिम छ महिनाभन्दा बढि फरक नपर्ने गरी वर्षमा दुई पटक वस्नेछ।

७. **<u>अभियान सञ्चालन तथा व्यवस्थापन समितिः</u>** (१) अभियानलाई सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछः

सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक
सचिव, सबै मन्त्रालय, सचिवालय तथा आयोगहरु -सदस्य
प्रतिनिधि, प्रदेशस्तरीय सबै सुरक्षा निकाय -सदस्य
प्रमुख प्रशासकीय अधिकृत, अभियान सञ्चालन हुने स्थानीय तह -सदस्य
अध्यक्ष, पत्रकार महासंघ, सुर्खेत शाखा -सदस्य
वातावरण संरक्षण तथा सरसफाईको क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रतिनिधि-२ जना -सदस्य
अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(२) समितिले आवश्यक ठहऱ्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) अभियान सञ्चालक समितिका कार्यहरु देहायबमोजिम हुनेछन् :

(क) अभियान सञ्चालनको वार्षिक कार्ययोजना तर्जुमा गर्ने,
(ख) अभियान सञ्चालनको लागि अन्तर निकाय समन्वय गर्ने,
(ग) अभियान सञ्चालन हुने स्थानको छनौट गर्ने,
(घ) अभियान सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्ने
(ङ) अभियान सञ्चालनका लागि साझेदार, सहयोगी, तथा सञ्चालनको सहयोगी छनौट गर्ने।
(च) खण्ड (ङ) बमोजिम छनौट भएको साझेदार/सहयोगीको अनुमगन तथा मुल्याङ्कन, निर्देशन, सुपरीवेक्षण गर्ने।
(छ) अभियान सञ्चालनका क्रममा देखापरेका समस्याहरू समाधान गर्ने,

(ज) अभियानको प्रगति निर्देशक समिति र कार्यालयमा नियमित प्रतिवेदन गर्ने

(झ) अभियान सञ्चालनमा स्रोत परिचालन र खर्चको प्रतिवेदन गर्ने।

(ञ) अभियान सञ्चालनमा देखिएका नीतिगत जटिलताहरूलाई निर्देशक समिति समक्ष राखी समाधान गर्ने।

(ट) अभियान सञ्चालनका लागि आवश्यक अन्य कामहरू गर्ने गराउने।

८. **स्थानीय अभियान सञ्चालन तथा व्यवस्थापन समिति:**(१) स्थानीय तहमा अभियान सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको स्थानीय अभियान सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| नगर प्रमुख/अध्यक्ष, सम्बन्धित नगरपालिका/गाउँपालिका | -संयोजक |
| शाखा प्रमुख, सम्बन्धित नगरपालिका/गाउँपालिकाको विषयगत शाखा | -सदस्य |
| अभियान सञ्चालन हुने सम्बन्धित वडाको वडा अध्यक्ष र सदस्यहरु | -सदस्य |
| प्रतिनिधि, सम्बन्धित स्थानीय तह स्थित सुरक्षा निकाय | -सदस्य |
| प्रतिनिधि, सम्बन्धित स्थानीय तहमा क्रियाशील पत्रकारहरुको संस्था | -सदस्य |
| सरसफाई क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रतिनिधि -२ जना | -सदस्य |
| सम्बन्धित टोल सुधार समितिका अध्यक्ष | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित पालिका | -सदस्य-सचिव |

(२) समितिले आवश्यक ठहऱ्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) स्थानीय अभियान सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरु देहायबमोजिम हुनेछन् :

(क) अभियान सञ्चालनको वार्षिक कार्ययोजना तर्जुमा गर्ने,

(ख) अभियान सञ्चालनको लागि अन्तर निकाय समन्वय गर्ने,

(ग) अभियान सञ्चालन हुने स्थानको छनौट गर्ने,

(घ) अभियान सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्ने

(ङ) अभियान सञ्चालनका लागि साझेदार, सहयोगी, तथा सञ्चालनको सहयोगी छनौट गर्ने।

(च) खण्ड (ङ) बमोजिम छनौट भएको साझेदार/सहयोगीको अनुमगन तथा मुल्याङ्कन, निर्देशन, सुपरीवेक्षण गर्ने।

(छ) अभियान सञ्चालनका क्रममा देखापरेका समस्याहरू समाधान गर्ने,

(ज) अभियानको प्रगति अभियान सञ्चालन तथा व्यवस्थापन समिति र सम्बन्धित पालिकामा नियमित प्रतिवेदन गर्ने

(झ) अभियान सञ्चालनमा स्रोत परिचालन र खर्चको प्रतिवेदन गर्ने।

(ञ) अभियान सञ्चालनमा देखिएका समस्याहरुको समाधान गर्ने।

(ट) अभियान सञ्चालनका लागि आवश्यक अन्य कामहरू गर्ने गराउने।

## परिच्छेद-५

## स्रोत परिचालन र खर्च

९.**<u>स्रोत परिचालनः</u>** (१) अभियान सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था कार्यालयले गर्नेछ। यसका अतिरिक्त अभियान सञ्चालनको लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन देहायबमोजिम गरिनेछः

(क) प्रदेश मन्त्रालयहरुले अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गर्नु पर्नेछ। यस्तो व्यवस्था नहुँदासम्मका लागि मिल्दो बजेट शीर्षकबाट,

(ख) स्थानीय तहहरुले अभियान बञ्चालनका लागि आवश्यक बजेट विनियोन गर्नु पर्नेछ। यस्तो व्यवस्था नहुँदासम्मका लागि मिल्दो बजेट शीर्षकबाट,

(ग) अभियानका सम्बद्ध अन्य सरोकारवाला निकायहरूबाट प्राप्त हुने आर्थिक तथा अन्य सहयोगबाट,

(घ) अभियानका साझेदार संघ/संस्था तथा अभियान्ताहरूबाट प्राप्त हुने सहयोगबाट,

(ङ) संघीय सरकारका निकायहरुबाट प्राप्त हुने सहयोगबाट ।

(२) उपदफा (१) बमोजिमका निकायहरूले अभियान सञ्चालन गर्दा कार्यालयसंग संयुक्त रूपमा वा निकायगत रूपमा श्रोत परिचालन तथा खर्च अभिलेखाङ्कन हुनेगरी अभियानमा सहभागिता जनाउन सक्नेछन्।

(३) अभियान सञ्चालनका लागि प्रदेश सरकारले सम्बन्धित स्थानीय तहहरुलाई आवश्यक बजेट सशर्त रुपमा उपलब्ध गराउन सक्नेछ।

१०.**<u>खर्च सम्बन्धी व्यवस्था :</u>** (१) दफा (९) बमोजिम हुने खर्चको लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण सम्बन्धी कार्य प्रचलित कानूनबमोजिम हुनेछ।

(२) यस्तो अभियानमा खर्च गर्दा सम्बद्ध निकायहरुबीच समन्वय गरी खर्चमा दोहोरो नपर्ने गरी मितव्ययी रुपमा गर्नुपर्नेछ।

(३) अभियान सञ्चालन तथा व्यवस्थापन समितिले अभियान सञ्चालनमा भएको खर्चको मासिक प्रतिवेदन तयार गरी कार्यालय मार्फत मासिक रुपमा सार्वजनिकरण गर्ने व्यवस्था मिलाउने छ र खर्चको एकिकृत वार्षिक प्रतिवेदन निर्देशक समिति र कार्यालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-६

## <u>विविध</u>

११.**<u>सम्मानित गर्न सक्नेः</u>** (१) अभियान सञ्चालनमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले सम्मानित तथा पुरस्कृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्मानित तथा पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरेबमोजिम हुनेछ।

१२.**<u>अनुगमन तथा मूल्याङ्कनः</u>** स्थानीय तहमा स्थानीय अभियान सञ्चालन तथा व्यवस्थापन समितिले र प्रदेशमा अभियान सञ्चालन तथा व्यवस्थापन समितिले अभियान सञ्चालन तथा व्यवस्थापनको नियमित अनुगमन, मूल्याङ्कन र समिक्षा गर्नेछन।

१३. **<u>बाधा अड्काउ फुकाउने र संशोधन :</u>** (१) यस कार्यविधिबमोजिम अभियान सञ्चालन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाइ अभियान सुचारु गर्न सक्नेछ ।

(२) कार्यविधिमा संशोधन गर्न आवश्यक भएमा प्रदेश सरकारले संशोधन गर्न सक्नेछ ।